# हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८** | **संख्याः २** | **मितिः २०८२/०४/०१**

## भाग-१

## हरिनगर गाउँपालिका

## हरिनगर गाउँपालिका
## विनियोजन ऐन, २०८२

**गाउँसभाबाट पारित भएको मिति २०८२/०३/३१ गते**

हरिनगर गाउँपालिका, सुनसरीको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना :** हरिनगर गाउँपालिका, सुनसरी २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप धारा (२) बमोजिम हरिनगर गाउँपालिका, सुनसरीको उन्नाइसौं गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “हरिनगर गाउँपालिका, सुनसरीको विनियोजन ऐन, २०८२” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची-१ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च, र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६१,९३,४४,२५०।०० (अक्षरेपी एकसट्ठी करोड त्रियानब्बे लाख चौवालिस हजार दुई सय पचास मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त हरिनगर गाउँपालिका, सुनसरीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र

वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तिय, व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूची-१

(ऐनको दफा २ सँग सम्बन्धित)

संचित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखा समेत | ४१,१३,८२,०००।०० | २०,७९,६२,२५०।०० | ०० | ६१,९३,४४,२५०।०० |
| २ | | ऋणको साँवा ब्याज भुक्तानी | ०० | ०० | ०० | ०० |
| ३ | | लगानी (शेयर/ऋण) | ०० | ०० | ०० | ०० |
| **कुल जम्मा** | | | **४१,१३,८२,०००।००** | **२०,७९,६२,२५०।००** | **००** | **६१,९३,४४,२५०।००** |

आज्ञाले,

नाम: रोहिणी आचार्य

प्रमुख प्रशासकीय अधिकृत